पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।

067 – 411101
067 – 411102
info@paiyunmun.gov.np
paiyungapa@gmail.com
www.paiyunmun.gov.np

मितिः २०८२।०४।१२

## सूची दर्ता गर्ने सम्बन्धी सूचना !

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली २०६४ को नियम ९० मा व्यवस्था भए अनुसार आर्थिक वर्ष २०८२।८३ को लागि यस कार्यालयको स्वीकृत वार्षिक योजना/कार्यक्रमहरु सञ्चालनको लागि आवश्यक खरिद विधि अवलम्बन गर्न तपशिल बमोजिमका सामान तथा सेवाहरु आपूर्ती/प्रवाह गर्ने आपूर्तिकर्ता/फर्म/कम्पनी/सप्लायर्स/उद्योग/सेवा प्रदायकहरुको मौजुदा सूचि तयार गर्नुपर्ने भएकोले ईच्छुक आपुर्तिकर्ता/फर्म/कम्पनी/सप्लायर्स/उद्योग/सेवा प्रदायकहरुले तपशिलका कागजातहरु र निवेदन सहित २०८२ साल श्रावण मसान्तसम्म यस कार्यालयमा सूचि दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| सामाग्री आपूर्ति तर्फ | सेवा तथा मर्मत तर्फ |
|---|---|
| १. कार्यालय सञ्चालनका लागि आवश्यक स्टेशनरी तथा विविध सामग्री | **सेवा तर्फ** |
| २. औषधोपचार र स्वास्थ्य सेवाका लागि आवश्यक औषधी तथा सर्जिकल सामग्री | १. कुरियर तथा हुलाक सेवा<br>२. बीमा सेवा |
| ३. कम्प्युटर, प्रिन्टर, स्क्यानर, युपिएस, कर्टिज, टोनर लगायत सूचना प्रविधिसम्बन्धी उपकरण | ३. सूचना, विज्ञापन तथा छपाइसम्बन्धी सेवा<br>४. परामर्श सेवा (इञ्जिनियरिङ, योजना, कानुनी, लेखा, डिजाईन आदि) |
| ४. सञ्चार उपकरणहरु (राउटर,जिपिएस, टेलिफोन, नेटवर्किङ तथा स्विचिङ) | ५. इन्टरनेट सेवा तथा वेबसाइट/ सफ्टवेयर विकास<br>६. भवन निर्माण, मर्मत तथा पुनःसंरचना सेवा |
| ४. काठ तथा फलामजन्य फर्निचर र स्थायी संरचना सामग्री | ७. यातायात तथा ढुवानी सेवा |
| ५. जेनेरेटर, इन्भर्टर लगायत विद्युतीय सामग्री | ८. अन्य विविध सेवाहरु |
| ६. मोटरसाइकल, स्कुटर, सवारी साधन र सम्बन्धित स्पेयर पार्ट्स | **मर्मत तर्फ** |
| ७. प्रचारप्रसारका लागि फ्लेक्स, साइनबोर्ड, होर्डिङ बोर्ड, ब्यानर आदि छपाइ तथा डिजाइन सामग्री | १. कम्प्युटर, प्रिन्टर, स्क्यानर, युपिएस, फोटोकपी मेशिन लगायत उपकरणहरूको मर्मत सेवा |
| ८. निर्माण सामग्री (सिमेन्ट, गिट्टी, बालुवा, इट्टा, ढुंगा, पाइप, टायल, प्लम्बिङका सामाग्रीहरु आदि) | २. सवारी साधन (मोटरसाइकल, गाडी आदि) मर्मत तथा पार्ट्स प्रतिस्थापन सेवा<br>३. विद्युतीय उपकरणहरूको मर्मत |
| ९. पेट्रोलियम पदार्थ तथा लुब्रिकेन्ट | ४. भवन र सरोकार प्रणाली (पानी, बिजुली, ढल आदि) मर्मत |
| १०. हार्डवेयर तथा सरसफाइ सामग्री | ५. कार्यालय फर्निचर तथा संरचनाको मर्मत |
| ११. कर्मचारी पोशाक, कपडा तथा सिलाइ कार्यका सामग्री | ६. इलेक्टोनिक्स सामग्री को मर्मत |
| १२. अन्य विविध सामग्रीहरू | ७. अन्य मर्मतसम्बन्धी सेवा |

**संलग्न गर्नुपर्ने कागजातहरुः**

१. फर्म/कम्पनी/संस्था/उद्योगहरुको दर्ता वा ईजाजत पत्र
२. आपुर्तिकर्ता/फर्म/कम्पनी/सप्लायर्स/उद्योग/सेवा प्रदायकहरुले आफ्नो फर्म दर्ता प्रमाणपत्र (नविकरण सहित)
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. कालो सूचिमा नपरेको स्वघोषणा
५. पैयूँ गाउँपालिकाको कृषि विकास बैक, हुवास शाखामा रहेको आन्तरिक राजश्व शाखा ०३१८५०१५०८४०१०७६(राजश्व शिर्षक "अन्य प्रशासनिक सेवा शुल्क" शिर्षक नं. १४२२९) मा रु. ५००।- जम्मा गरेको भौचर वा पैयूँ गाउँपालिकाको राजश्व शाखामा राजश्व जम्मा गरेको भौचर।

2082/04/12
(जिवन गैरे)
**प्रमुख प्रशासकीय अधिकृत**

"समृद्ध पैयूँको आधारः कृषि, प्रविधि र पूर्वाधार"